# महान्यायाधिवक्ताको कार्यालय

(............कर्मचारी प्रशासन.. शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- ०८२/०८३

चलानी नं. :- ११३

मिति :- २०८२/०४/२८

ने.सं ११४५ गुँलागा,०४,बुधबार

उच्च सरकारी वकील कार्यालय सबै,

जिल्ला सरकारी वकील कार्यालय सबै,

विषय:- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को कार्यान्वयन तथा अनुसन्धान अभियोजन सम्बन्धमा।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० मिति २०८०।१२।३० गते र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ मिति २०८१।०७।१५ गते नेपाल राजपत्रमा प्रकाशन भई सोही मिति देखि प्रारम्भ भएको व्यहोरा अवगत नै छ। तसर्थ उक्त ऐन र नियमावली बमोजिम सरकारी वकीलले सम्पादन गर्ने कार्यका सम्बन्धमा देहाय अनुसार गर्न निर्देशन गरिएको छ।

१. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ मा भएको पछिल्लो संशोधनको दफा १३ एवं दफा २२ समेतमा सम्बद्ध कसूरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर भएमा प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा अनुसन्धान गर्ने कार्यालयमा उजुरी वा सूचना दिनुपर्ने, अनुसन्धान अधिकारीले सम्बद्ध कसूरमा अनुसन्धान गर्दा अनुसन्धान गरिएको व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको देखिएमा सो सम्बन्धमा समेत अनुसन्धान गर्नुपर्ने र अनुसन्धान पूरा भएपछि प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सरकारी वकील कार्यालयमा पठाउनुपर्ने समेतका व्यवस्था गरेको छ। साथै प्राप्त प्रतिवेदन तथा मिसिल अध्ययन गर्दा संकलित सबुत प्रमाणबाट मुद्दा चल्ने पर्याप्त आधार देखिएमा सरकारी वकीलले सम्बद्ध कसूरको मुद्दा हेर्ने अदालतमा मुद्दा दायर गर्नेछ भन्ने व्यवस्था छ। यसैगरी सोही ऐनले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ (१) (ज) पछि (ज १) थप गरी "अभियोजन गर्न लागिएको कसूर सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून अन्तर्गतको सम्बद्ध कसूर (predicate offense) मा पर्ने देखिएमा सम्पत्ति शुद्धीकरण कसूर भए वा नभएको र भएको भए त्यस्तो कसूरमा समेत हुने सजाय मागदावी" लिनुपर्ने व्यवस्था गरेको छ। तसर्थ उल्लिखित कानूनी व्यवस्था समेतलाई मध्यनजर गरी अनुसन्धान निकायसँग समन्वय गरी अभियोजन सम्बन्धी कारवाही गर्ने।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेञ्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

२. प्रकरण १ बमोजिम दायर हुने मुद्दाको फाटँवारी तथा विवरण छुट्टै तयार गरी मासिक रुपमा जिल्ला सरकारी वकील कार्यालयले यस कार्यालय र सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउने। ढाँचा यसैसाथ संलग्न छ।

३. सम्बद्ध कसूर लगायतका सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान प्रतिवेदन र अभियोगपत्रमा सम्पत्ति शुद्धीकरणको कसूर पहिचान गरे नगरेको वा त्यस्तो तत्त्व पाइए नपाईएको विषय समेत उल्लेख गर्ने।

४. अनुसन्धानकारी निकायलाई उच्च जोखिमयुक्त कसूरको अनुसन्धानसँगै सम्पत्ति शुद्धीकरण कसूरमा समेत सगँसँगै अनुसन्धान गर्न समन्वय गर्ने । अनुसन्धानका विषयमा सीमापार अपराध, कर छली, हुण्डी, वन तथा वातावरण सम्बन्धी कसूर, मानव बेचबिखन, मानव तस्करी, सर्वसाधारणको ठगी तथा योजना बनाई रकम उठाउने, वहुमूल्य धातु तस्करी गर्ने, *Insider Trading, Circular Trading,* अनुचित लाभ लगायतका उजुरी वा सो विषयलाई प्राथमिकता दिने गरी अनुसन्धान गर्न समन्वय गर्ने ।

५. सम्पत्ति शुद्धीकरण कसूर समेत भएको प्रारम्भिक प्रतिवेदन वा अनुसन्धानबाट देखिएमा सम्बद्ध वा अन्य कसूरको अनुसन्धान यथासम्भव छिटो सम्पन्न गरी अभियोजन गर्न अनुसन्धान निकायसँग आवश्यक समन्वयात्मक व्यवस्था मिलाउने।

६. जिल्ला तथा उच्च सरकारी सरकारी वकील कार्यालयहरुले जिल्ला स्तरीय समन्वय समितिको बैठकमा समितिमा रहेका सम्बद्ध कसूर अनुसन्धान गर्ने निकायका प्रतिनिधिहरुलाई समेत आमन्त्रित गरी सम्बद्ध वा अन्य कसूरको अनुसन्धानमा सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्ने विषयमा छलफल गर्ने।

७. अनुसन्धान अधिकारीले सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरणको कसूरको अनुसन्धान गर्दा सम्बद्ध कसूरको जोखिमको आधारमा सम्पत्ति शुद्धीकरणको कसूरको पहिचान गरी अनुसन्धान गर्ने।

८. सम्बद्ध कसूरको जोखिमको पहिचान गर्दा कसूरको प्रकृति, अन्तरदेशीय र आर्थिक प्रकृतिको कसूर र सो कसूरको गम्भीरता, कसूरबाट हासिल गरेको लाभ, कसूरबाट प्राप्त गरेको सम्पत्ति (proceeds of crime) को बिगोको परिमाण,सो सम्पत्तिको प्रयोग, धारण, स्थानान्तरण, निसर्गजस्ता तत्वहरुलाई मानकको रुपमा हेर्ने।

९. अनुसन्धान प्रतिवेदनमा अनुसन्धान अधिकारीले सम्बन्धित अभियुक्तले गरेको सम्बद्ध कसूरमा सम्पत्ति शुद्धीकरणको पहिचान भए नभएको कुरा राय र मागदावीको रुपमा उल्लेख गरी यस सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा ३१ तथा सो संहिताको अनुसूची -१९ को ढाँचामा सम्पत्ति शुद्धीकरण देखिए नदेखिएको व्यहोरा उल्लेख गरी अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित अभियोजन अधिकारी (सरकारी वकिल) समक्ष पेश गर्ने।

१०. अभियोजन अधिकारी (सरकारी वकिल) ले अनुसन्धान प्रतिवेदन सहित मिसिल अध्ययन गरी अभियोजन गर्ने/नगर्ने निर्णय गर्ने। सो निर्णयमा अभियोजन गर्न लागिएको कसूर सम्पत्ति शुद्दीकरण कानून अन्तर्गतको सम्बद्ध कसूर (predicate offense) मा पर्ने देखिएमा सम्पत्ति शुद्दीकरण सम्बन्धी कसूर भए वा नभएको प्रष्ट उल्लेख गर्ने। सम्पत्ति शुद्दीकरणको कसूर भएको देखिएकोमा त्यस्तो कसूर पुष्टि हुने आधार र सो कसूरमा हुन सक्ने सजायको मागदावीको विषय स्पष्ट उल्लेख गर्ने।

११. अभियोजन अधिकारीले अभियोजन निर्णयमा सम्पत्ति शुद्दीकरणको समेत मागदावी लिने निर्णय गरेकोमा अभियोगपत्र तयार गर्दा सो सम्बन्धी कसूर र सजायको दावी, सम्पत्ति वा साधनको जफतको विषय, जफत गर्न माग गरिएको सम्पत्तिको यथार्थ विवरण (जग्गा, जमिन, शेयर, नगद, सवारी आदि) क्षतिपूर्ति र बिगो भराईदिनुपर्ने विषय समेत उल्लेख गरी तयार गर्ने। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ र अनुसूची-२० मा उल्लेख भए बमोजिम सम्पत्ति शुद्धीकरणको विषयलाई उल्लेख गर्ने।

१२. प्रारम्भिक जाँचबुझ, अनुसन्धान, अनुसन्धान प्रतिवेदन, सम्पत्ति तथा साधनको पहिचान तथा खोजतलास लगायतका विषयमा नियमावलीको नियम ३८, नियम ३९, नियम ४१, नियम ४२ र नियम ४४ समेतको कानुनी प्रबन्ध र अभियोजनका सम्बन्धमा ऐ. नियम ४८, नियम ४९ समेतको कार्यविधिको अनिवार्य पालना गर्ने गराउने।

१३. कसूरजन्य सम्पत्ति तथा साधन ( रोक्का, नियन्त्रण तथा जफत ) नियमावली, २०७७ को नियम ८ अनुसार अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखेको वा नियन्त्रणमा लिएको सम्पत्ति वा साधनको विवरण कसूरजन्य सम्पत्ति व्यवस्थापन

विभाग तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्था अनिवार्य पालना गर्ने गराउने।

१४. सम्बद्ध कसूरमा विगतमा अभियोजन भएका र ठहर भएका मुद्दाहरुमध्ये अनुसन्धानको जोखिम, सम्बद्ध कसूर र कसूरजन्य सम्पत्ति लगायतका कारणले उच्च जोखिममा पर्न सक्ने संभावना भएका अनुसन्धान वा मुद्दामा सम्पत्ति शुद्धीकरणको कसुरको अनुसन्धान र अभियोजन आवश्यक भए नभएको अध्ययन गरी सङ्ख्या पहिचान गर्ने कार्यमा अनुसन्धानकारी निकायलाई आवश्यक मार्गदर्शन वा सुझाव दिने।

१५. अनुसूची २ अन्तर्गतका सम्बद्ध कसूरको अनुसन्धानबाट सम्पत्ति शुद्धीकरणको कसूर समेत भएको अनुसन्धानबाट देखिएमा एकैसाथ सम्बन्धित सरकारी वकीलले अभियोजन निर्णय गरी अभियोगपत्र दायर गर्ने। सम्पत्ति शुद्धीकरणको विषय तत्काल अनुसन्धानबाट नदेखिएको अवस्थामा सम्बद्ध कसूरको हकमा अनुसन्धान अधिकारीलेनै अभियोगपत्र दायर गर्ने। पछि सम्बद्ध कसूरका सम्बन्धमा सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चलाउनु पर्ने भएमा सम्पत्ति शुद्धीकरणको अभियोगपत्र सरकारी वकीललेनै दायर गर्ने।

२०८२/४/२८

(उद्धव प्रसाद पुडासैनी)
सहन्यायाधिवक्ता